# त्रिभुवन विश्वविद्यालय
# नेपाल ल क्याम्पस
प्रदर्शनी मार्ग, काठमाडौं

पत्र संख्याः .............
च.नं.: .................

मितिः २०८०/०४/२५

## एलएल.बी. तह (२०७८/०७९ समूह) प्रथम वर्षमा भर्ना सम्बन्धी सूचना ।

त्रि.वि. कानून संकायद्वारा एलएल.बी. तह (२०७८/०७९ समूह) प्रथम वर्षमा भर्नाका लागि मिति २०८०/०२/२७ गते सञ्चालित प्रवेश परीक्षाको मिति २०८०/०४/१२ गते प्रकाशित नतिजाका सम्बन्धमा कुनै गुनासो भएमा परीक्षार्थीले सम्बन्धित क्याम्पसमा नै निवेदन दिन सकिने र प्राप्त निवेदन उपर कारवाही गर्दा प्राविधिक त्रुटि ठहरिएमा अभिलेख अनसार सच्याइदिनु भनि निर्देशन भए बमोजिम यस क्याम्पसबाट समावेशी कोटा सहित ६०० (छ सय) स्थानका लागि प्रवेश परीक्षामा सामेल भएका परीक्षार्थीहरुको प्रकाशित नतिजाका सम्बन्धमा कुनै गुनासो भएमा निवेदन दिन मिति २०८०/०४/१४ गते पाँच दिनको म्याद राखि सूचना प्रकाशित गरिएकोमा निर्धारित अवधिमा प्राप्त निवेदन माथि कारवाही गरी त्रि.वि. कानून संकाय, डीनको कार्यालयबाट च.नं. २२/०८०/०८१, मिति २०८०/०४/२४ गते प्राप्त पत्र अनुसार पुनर्योग पछिको अन्तिम नतिजा प्रकाशित गरिएको व्यहोरा सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ। उक्त नतिजाको **सि.नं. १ देखि ५९७ सम्मका योग्यताक्रम** (Merit List) **अनुसारका परीक्षार्थी, सि.नं. ६३४ का महिला परीक्षार्थी, सि.नं. ६७९ का आदिवासी जनजाति परीक्षार्थी** र **सि.नं. ७०५ दलित परीक्षार्थी**हरूले तपसिल बमोजिम भर्ना हुन यो सूचना प्रकाशित गरिएको छ। योग्यताक्रम (Merit List) बमोजिम भर्नाका लागि छनौट भएका परीक्षार्थीहरुले तोकिएको मिति र समय भित्रमा भर्ना नगरी कुनै स्थान रिक्त हुन आएमा रिक्त स्थानका लागि योग्यताक्रम (Merit List) मा रहेका परीक्षार्थीहरुलाई भर्नाका लागि पछि सूचना प्रकाशित गरिने छ। साथै पुनर्योग पछिको अन्तिम नतिजा नेपाल ल क्याम्पसको वेवसाइट www.nlc.edu.np मा हेर्न सकिने व्यहोरा अनुरोध छ।

### तपशील

| | | |
|---|---|---|
| १ | भर्ना मिति : | मिति २०८० श्रावण २५ गते देखि २०८० भाद्र २१ गतेसम्म । |
| २ | भर्ना समय : | विहान १०:३० देखि दिउँसो ४:०० बजेसम्म मात्र । |
| ३ | कक्षा सञ्चलान : | पछि सूचना प्रकाशित गरिने छ । |
| ४ | भर्ना शुल्क : | ११,५००।- (एघार हजार पाँच सय मात्र) |
| ५ | रकम जम्मा गर्नु पर्ने बैंक | नेपाल बैंक लिमिटेडको जुनसुकै शाखाहरु |
| ६ | खाता नं. | २१७००१००१९२४७२००००१, नेपाल ल क्याम्पस, प्रदर्शनीमार्ग, काठमाडौं |
| ७ | संलग्न गर्नु पर्ने कागजात: • शैक्षिक प्रमाणपत्र (SLC/SEE देखि स्नातक तह उत्तीर्ण गरेको ट्रान्सकृप्ट, चारित्रिक प्रमाणपत्र) को नोटरी पब्लिकबाट प्रमाणित छाँयाप्रति १/१ प्रति, • नेपाली नागरिकताको प्रमाणपत्रको नोटरी पब्लिकबाट प्रमाणित छायाँप्रति १ प्रति, • हालसालै खिचिएको २ प्रति पासपोर्ट साइजको फोटो, • नेपाल बैंकमा रकम जम्मा गरेको सक्कल बैंक भौचर, • त्रि.वि. बाहेकका स्वदेशी वा विदेशी विश्वविद्यालय/शिक्षण संस्थाहरुबाट स्नातक गर्नेहरुको हकमा सम्बन्धित विश्वविद्यालय/शिक्षण संस्थाले प्रदान गरेको सक्कल माइग्रेसन प्रमाण-पत्र र समकक्षता (Equivalent) खुल्ने कागजातको प्रमाणित छायाँप्रति अनिवार्य रुपमा पेश गर्नु पर्नेछ। • भर्ना सम्बन्धी अन्य आवश्यक जानकारी परीक्षा शाखाबाट प्राप्त गर्न सकिनेछ। | |
| ८ | पोशाक : यस क्याम्पसमा अध्ययन गर्न आउने विद्यार्थीहरुले कालोकोट र क्याम्पसले प्रदान गरेको क्याम्पसको लोगो अनिवार्य रुपमा लगाउनु पर्नेछ। | |

*पुनश्चः प्रकाशित नतिजा बमोजिम भर्नाका लागि छनौट भएका परीक्षार्थीहरुले तोकिएको मिति र समय भित्रमा भर्ना नगरेमा कुनै उजुर लाग्ने छैन।*

.......................
डा. डि.एन.पराजुली
क्याम्पस प्रमुख

फोन : ९७७-०१-४२२५३५८, ०१-४२६८५७८, फ्याक्सः ९७७-०१-४२३२३०७, इमेलः info@nlc.edu.np वेभसाईटः www.nlc.edu.np